नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं।

फोन नं: ०१-४२००५११

प सं: ०७६/७७
च नं: ४०४

मितिः २०७६।१२।३०

श्री स्थानीय तहहरू (सबै)

विषयः नेपाल सरकारको निर्णय कार्यान्वयन समवन्धमा ।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, च.न. मं.बै./३२१/५८५८, मिति २०७६।१२।२४ को नेपाल सरकारको निर्णय कार्यान्वयन सम्बन्धी पत्र संलग्न छ। कोभिड–१९ संक्रमण रोकथाम, नियन्त्रण र उपचारको सन्दर्भमा स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविका परिचालन गर्ने थप बिषय संलग्न पत्रवाटै अवगत गरी नेपाल सरकारको निर्णय कार्यान्वयनको आवश्यक व्यवस्था गर्नुहुन आदेशानुसार अनुरोध छ।

जनकराज शर्मा
शाखा अधिकृत

**बोधार्थ:**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार

श्री सूचना तथा प्रविधि शाखा : पत्र वेभसाइटमा अपलोड गरिदिनु हुन ।

Scanned with CamScanner

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :- मं.बै./३२१/५८५८

मितिः २०७६/१२/२४

श्री सचिव,
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय ।

कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारसम्बन्धी विषय मं.प.बै.सं. ५५/०७६ मिति २०७६/१२/२४ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

Bखोज्नी, को.गो.

<u>नेपाल सरकारको निर्णय–</u>

"१. कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण र उपचारको कार्यमा नेपालभर रहेका निजी तथा सामुदायिक क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवा प्रदायक संस्था एवं व्यक्तिगत रूपमा क्रियाशील स्वास्थ्यकर्मीलाई समेत परिचालन गर्ने। त्यसरी परिचालित स्वास्थ्यकर्मीलाई नेपाल सरकारका स्वास्थ्यकर्मीलाई उपलब्ध हुनेसरहको तलब, भत्ता र बिमा सुविधा उपलब्ध गराउने।

२. कोभिड-१९ संक्रमणको रोकथाम र नियन्त्रणको कार्यमा देशभरका स्थानीय तह मातहत रहेका महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई देहायको कार्यविवरण तोकी सोही स्थानीय तहअन्तर्गत परिचालन गर्ने। यसरी परिचालन गर्दा निज महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई स्थानीय तहमार्फत् एकमुष्ट रु. १,५००।- (एक हजार पाँच सय रुपैयाँ मात्र) उपलब्ध गराउने।

<u>कार्य विवरण</u>

(क) आ-आफ्नो वडामा रहेका विदेशबाट आएका व्यक्तिहरूको विवरण तयार गर्ने, उनीहरू होम क्वारेन्टिनमा रहेको सुनिश्चित गर्ने र निजहरूको स्वास्थ्य स्थितिबारे सम्बन्धित स्वास्थ्य संस्थालाई दैनिक प्रतिवेदन गर्ने।

(ख) सम्बन्धित स्थानीय तहमा रहेका क्वारेन्टिन स्थलमा खटिने र त्यहाँ रहेका व्यक्तिहरूलाई क्वारेन्टिनमा रहँदा अपनाउनुपर्ने सावधानीहरू पूर्ण रूपमा पालना गर्न लगाउने।

(ग) पहिचान भएका शङ्कास्पद संक्रमितहरूको प्रेषण, नमूना संकलन तथा आइसोलेसनमा रहन सहजीकरण गर्ने।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

Scanned with CamScanner

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।



पत्र संख्या :-
च.नं. :-

३. Corona Virus प्रतिकार्य प्रभावकारी ढङ्गले छिटो, व्यवस्थित र समन्वयात्मक (Integrated) रूपमा गर्नको लागि स्थापित COVID-19 Crisis Management Center (CCMC) को परिशिष्ट "ख" अन्तर्गत संयोजक/योजना/नियन्त्रण समूह र सो मातहत स्वास्थ्य सेवा तथा उपचार कार्य, आपूर्ति तथा अत्यावश्यक सेवा सहजीकरण कार्य, शान्ति सुरक्षा अनुगमन तथा नियन्त्रण कार्य र सूचना तथा प्रविधि कार्य अन्तर्गत खटिई कार्यसम्पादन गर्ने राष्ट्रसेवकहरूलाई शुरू तलबमानको पचहत्तर प्रतिशत प्रोत्साहन रकम उपलब्ध गराउने ।

४. कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी सूचना संकलन कार्यमा खटिने राष्ट्रिय अनुसन्धान विभागका कर्मचारीहरूलाई सम्बन्धित कार्यालय प्रमुखले प्रमाणित गरेको आधारमा शुरू तलब स्केलको पचास प्रतिशत प्रोत्साहन रकम उपलब्ध गराउने।

५. उपरोक्त कार्यका लागि आवश्यक रकम नेपाल सरकारले स्थापना गरेको कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषबाट व्यहोर्ने।

६. कोभिड-१९ संक्रमण रोकथाम र नियन्त्रणका लागि हाल क्वारेन्टिनमा राखिएका र भविष्यमा क्वारेन्टिनमा राखिने व्यक्तिहरूलाई चौध दिनको क्वारेन्टिन अवधि भुक्तान गरेपछि निजहरूलाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तोकेबमोजिम Rapid Diagnostic Test (RDT) को माध्यमबाट परीक्षण गर्ने। उक्त परीक्षणमा पोजेटिभ देखिएकाहरूलाई अस्पताल भर्ना गर्ने र नेगेटिभ देखिएकाहरूलाई आआफ्नो वासस्थानमा थप एक हप्ता अनिवार्य क्वारेन्टिनमा बस्ने स्वघोषणा गराई पठाउने। निजहरू क्वारेन्टिनमा बसे नबसेको र निजहरूको स्वास्थ्य अवस्थाको बारेमा स्थानीय महिला स्वास्थ्य स्वयंसेविकाहरूले अनुगमन र सहजीकरण गर्ने। उपर्युक्तअनुसारको परीक्षणका लागि आवश्यक पर्ने Rapid Diagnostic Test Kit को व्यवस्था स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गर्ने।"

(लोकदर्शन रेग्मी)
मुख्यसचिव

<u>बोधार्थ तथा कार्यार्थः</u>
श्री सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।
श्री सचिव, अर्थ मन्त्रालय ।
श्री सचिव, गृह मन्त्रालय ।
श्री सचिव, रक्षा मन्त्रालय ।
श्री सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

Scanned with CamScanner